श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. ३८९

पुनरावेदन नं. ०७७-RB-०४६२

<u>मुद्दाः– आयकर (२०६९/०७०) ।</u>

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. १५, ठुलो भर्याङ्ग, स्वयम्भु स्थित हाइड्रो सोलुसन्स प्रा.लि.(स्थायी लेखा नं. ३०२६६७०९९) को तर्फबाट अख्तियार प्राप्त वित्त प्रमुख उदयश्वर श्रेष्ठ........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| साविक करदाता सेवा कार्यालय, हाल आन्तरिक राजस्व कार्यालय,कलंकी काठमाण्डौ.....................................................................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ......................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री कमल बहादुर राजलवट

शुरु कार्यालयको निर्णय मितिः–२०७३/०९/१७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/०६/२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिवक्तात्रय श्री तुलसी भट्ट, श्री चण्डेश्वर श्रेष्ठ, श्री महेश कुमार थापा एवं विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री मन्जु बुढाथोकी,

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा आन्तरिक राजस्व कार्यालय, कलंकी, काठमाण्डौबाट मिति २०७३/०९/१७ मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०६/२९ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता श्री हाइड्रो सोलुसन्स प्रा.लि. को आ.व. ०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रू ९,८४,१४,५३४।- कायम गरी आन्तरिक राजस्व कार्यालय, कलंकीमा मिति २०७१।०९।२९ मा विवरण पेश गरेको ।

२. आ.ब. ०६९/०७० को लागि कार्यालयबाट कर परीक्षण गर्ने क्रममा पेश हुन आएको हिसाबकिताब, कागजात तथा विवरणहरुको कर परीक्षण गरी पेश हुन आएको कर लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दाबी भएको देखिएकोले सोही ऐनको दफा १०१(६) बमोजिम संशोधित कर निधारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय रू.७१,२७,४७६।- कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम आधार कारण समेत खुलाई मिति २०७३।०८।१३ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, कलंकीबाट मिति २०७३।०८।१३ मा जारी भएको सूचना करदाताले मिति २०७३।०८।१५ मा बुझी लिई सूचनाको जवाफ म्याद भित्रै करदाताले मिति २०७३।०८।२९ मा पेश गरेको ।

४. आन्तरिक राजस्व कार्यालय, कार्यालयबाट मिति २०७३।०८।१३ मा जारी संशोधित कर निर्धारणको सूचनामा कुन परिवर्तन गर्नुपर्ने नदेखिएकोले उल्लेखित रू.७१,२७,४७६।- आ.व. ०६९/०७० को संशोधित कर योग्य आय कायम हुने गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करदातालाई सूचना दिने गरी आन्तरिक राजस्व कार्यालय, कलंकीबाट मिति २०७३/०९/१७ मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, कलंकीले मिति २०७३/०९/१७ मा जारी गरेको आ.व. ०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी हाइड्रो सोलुसन्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/१२/०४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. आय आर्जन प्रयोजनार्थ खर्च भएको रकम दावी गरिसकेको अवस्थामा सोबाट सिर्जना हुने आयको अधिकारलाई आयकर प्रयोजनका लागि आयतर्फ समावेश गर्ने गरी कार्यालयबाट भएको निर्णय मिलेकै देखिन्छ। साथै, निवेदकले गरेको खर्चहरूका आधारमा सिर्जित आय गणना गरी आयकरतर्फ समावेश नगरेको अवस्थामा त्यस्तो आयं एकिन गर्न यस्तै प्रकृतिका कारोबार गर्ने शाह कन्सल्टेन्सी, इटेको कन्सल्टेन्सी र क्लिन इनर्जी कन्सल्टेन्सी जस्ता सामान्य बजारका फर्मले प्रदान गरेको सेवा परामर्शको मूल्यलाई आधार लिई कार्यालयबाट प्रस्तुत निवेदकको आय कायम भएको, कार्यालयबाट आय कायम गरी कर निर्धारण भईसकेका तर निवेदकबाट आयमा समावेश हुन बाँकी रहेका उक्त कारोबारहरूमा कार्यालयको संशोधित कर निर्धारण निर्णय पश्चात् निवेदकले विजक जारी गरी प्राप्त गरेको आयलाई दोहोरो कर दायित्व नपर्ने गरी एकिन एवं विश्लेषण गरी संशोधित कर निर्धारण हुने, निवेदकले पार्टीहरूबाट लिन बाँकी औषतसामान्य प्रचलित ब्याजदर अनुसार गणना गरी आयकर ऐन, २०५८ को दफा ७ बमोजिम आयमा समावेश गर्ने गरी भएको, प्रशासकीय पुनरावलोकनको निर्णय अनुसार कार्यालयबाट पुनः कर निर्धारण हुने र नोक्सानी वा करयोग्य आय समेत सोही अनुसार समायोजन हुने नै हुँदा यस सम्बन्धमा केही उल्लेख गरिरहनु पर्ने देखिएन। साथै झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएर वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिएका कारण कर कानूनको परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्वमा आयकर ऐन, २०५८ को दफा १२० अनुसारको शुल्क निर्धारण गर्नु कानून बमोजिम नै देखिएको एवं आयकर ऐन, २०५८ बमोजिम दाखिला गर्नु पर्ने विवरण म्यादभित्र दाखिला नभएमा दफा ११७ बमोजिम शुल्क लगाउनु कर कानूनको परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप दायित्वको किस्ता रकम तथा कर रकम नतिरेको अवस्थामा दफा ११८ र ११९ बमोजिम ब्याज लगाउनु कानून बमोजिम नै देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०६।२९ मा भएको निर्णय।

७. पुनरावेदक करदाता हाइड्रो सोलुसन्स प्रा.लि.ले बिक्री नै नगरेको सेवामा मुल्य अभिबृद्धि कर कायम गरी थप आय कायम गरेको, कम्पनीले दिएको पेश्की रकममा व्याज कायम गरी आयमा समावेश गरेको र गत आ.ब. को नोक्सानीलाई कट्टी गर्न नपाउने गरी आयमा समावेश गरी सोको आधारमा कर निर्धारण गरी सोमा जरिवाना, थप दस्तुर, तथा ब्याज समेत लाग्ने गरी आन्तरिक राजस्व कार्यालय, कलंकीबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय आयकर ऐन, २०५८ को दफा ११८,११९, १२०(ख) समेतको विपरित रहेकोले बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/१०/२१ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०७/१८ मा भएको आदेश।

९. यसमा प्रस्तुत मुद्दाको सन्दर्भमा प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, कलंकी काठमाण्डौका तर्फबाट बहस गर्न उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान सहायक न्यायाधिवक्ताबाट बहसनोट पेश गरी पाउन समय माग भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दा करिब ४ बर्ष पुरानो भएको हुँदा पुनरावेदक तथा प्रत्यर्थी दुवै पक्षबाट १५ दिनभित्र लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/११/२१ मा भएको आदेश।

१०. कम्पनीले आयकर ऐन, २०५८ को दफा २२ र दफा २४ का व्यवस्थाहरु पुर्ण रुपले पालना गरेको छ। कम्पनीले राखेको बास्तविक लेखालाई आधार नलिई काल्पनिक रुपमा आय कायम गर्न मिल्दैन। नभएको विक्री त्यो पनि दोहोरो विकी कायम गरी कम्पनीसंग शुल्क र ब्याज दाबी गरी जारी भएको संशोधित कर निर्धारण त्रुटीपूर्ण रहेको छ। परियोजनाको कामको लागि प्रदान गरिने पेश्की रकमको प्रकृति बमोजिम नै निर्व्याजी हुने हुँदा कारोबारको यो प्रकृतीलाई अपव्याख्या गरि कानुनले परीकल्पना नै नगरेको ब्याज दर परिकल्पना गरी ब्याज आय कायम गर्ने व्यवस्था आयकर ऐन, २०५८ को दफा ७ मा रहेको नहुँदा औषत आधारमा ब्याज खर्च अमान्य गर्नु कानून विपरित रहेको छ। कम्पनीले आय विवरण बमोजिम वास्तविक विक्री देखाएको हुँदा विक्रीमा विवरण फरक नपरेकोले बिल विजक बमोजिम मर्मत सुधार खर्च, चन्दा खर्च आयकर ऐन, २०५८ को दफा १३ वमोजिम मिन्हा हुनुपर्ने, कम्पनीले आयकर ऐन,

२०५८ को दफा २२ तथा आयकर नियमावली, २०५९ को नियम ८ वमोजिम राखेको लेखाले प्रमाणित गरेका गत आ व. मा भएको नोक्सानीलाई लेखामानको सर्वमान्य सिद्धान्त बमोजिम नोक्सानी दाबीं गरेकोमा प्रशासकीय पुनरावलोकनको निर्णय अनुसार नोक्सानीलाई कट्टी गर्न नदिई जारी गर्नु भएको संशोधित कर निर्धारण बदर गरी पाउँ। आन्तरिक राजस्व विभागको निर्णयले नै करदाताले बीजक जारी गरी कर उठाएको कर नतिरेको नबुझाएको भन्न सकेको छैन। कर निर्धारणको निर्णय पश्चात पनि बीजक जारी भएको कर मिलान गर्न पाउने भनिएको साथै करदाताबाट जानाजानी झुठ्ठा वा भ्रमपूर्ण विवरण पेश गरेको अवस्थासमेत नरहेकोमा आयकर ऐन, २०५८ को दफा १२० (ख) को प्रयोग गर्न मिल्दैन। आयकर ऐनको दफा ११८ बमोजिम करदाताले आफूले तिर्नुपर्ने कर रकमको ९०% भन्दा कम रकम किस्ताबन्दीमा दाखिला गरेमा मात्र नपुग रकममा व्याज लाग्ने प्रावधान रहेकोमा दफा ११९ प्रयोग गरी ब्याज समेत लाग्ने गरी गरिएको संशोधित कर निर्धारण आदेश एवं सो संग सम्बन्धित निर्णय पर्चा एवं आन्तरिक राजस्व विभागको निर्णय समेत त्रुटिपूर्ण हुँदा उल्टी गरी नलाग्ने कर, शुल्क र ब्याजको दायित्वबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट विद्वान बरिष्ठ अधिवक्तात्रय श्री चण्डेश्वर श्रेष्ठ, श्री तुलसी भट्ट, श्री महेश कुमार थापा तथा विद्वान अधिवक्ता श्री नारायण नेपालबाट मिति २०७९/१२/०५ मा यस न्यायाधिकरणमा पेश भएको बहसनोट।

११. आयकर ऐन २०५८ को दफा २२ (३) मा कम्पनीले कर प्रयोजनका लागि एक्रुअल आधारमा लेखाङकन गर्नुपर्ने र दफा २४ बमोजिम भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। यसबाट कुनै कम्पनीले कसैलाइ सेवा प्रदान गर्दछ भने सो प्रदान भएको सेवाको हदसम्मको आय माथि कम्पनीको अधिकार सिर्जना हुने देखिन्छ। करदाताले प्रदान गर्ने सेवा दीर्घकालिन प्रकृतिको रहेको र सोही अनुसार सेवाग्राहीसँग करार/संझौता सम्पन्न भएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २६ (१) ले दीर्घकालिन करार अन्तर्गत करारको सम्पन्न प्रतिशत अनुसार क्रमवद्ध वृद्धिको योग अनुसार समावेश हुने र क्रमवद्ध वृद्धिको योग अनुसार कट्टी गरिने अनुमानित रकम प्राप्त गरिएको वा खर्च गरिएको मानिनेछ भन्ने व्यवस्था रहेको देखिंदा करदाताले दीर्घकालिन करार अन्तरगत नै सेवा उपलब्ध गराएको भएपनि खर्चको तथा कार्य सम्पन्न प्रतिशत अनुसार प्राप्त हुनुपर्ने रकम गणना गरी आयमा समावेश गरेको नदेखिएकोले करदाताले गरेको खर्चहरुका आधारमा सिर्जित आय गणना गरी आयकरतर्फ समावेश नगरेको अवस्थामा त्यस्तो आय एकिन गर्न यस्तै प्रकृतिका कारोवार गर्ने शाह कन्सल्टेन्सी, इटेको कन्सल्टेन्सी र क्लिन इनर्जी कन्सल्टेन्सी जस्ता सामान्य वजारका

फर्मले प्रदान गरेको सेवा परामर्शको मूल्यलाई आधार लिइ करदाताको आय कायम भएको, करदाताले एकातिर विभिन्न पार्टीहरुलाई विना व्याज सापटी स्वरुप रकम उपलब्ध गराएको देखिन्छ भने अर्कोतिर विभिन्न वैङकहरुबाट ऋण लिइ व्याज स्वरुप ठूलो रकम भुक्तानी गर्दै आएको देखिन्छ। करदाताबाट सापटी लिएका पार्टीहरुले बैङकबाट ऋण लिएको अवस्थामा सामान्य प्रचलित बैंक व्याजदर अनुसारको व्याज खर्च हुने हुँदा करदाताले सापटी दिएको रकमको औषत सापटी कायम गरी सामान्य बैंक व्याजदर १० प्रतिशतले हुन आउने रकमलाई आयकर ऐन २०५८ को दफा ७ अनुसार करदाताको आय कायम हुने, करदाताले यस आ.व. मा विगत आर्थिक वर्षको नोक्सानी भनी रु.४,९८,०५,२९६।५३ दावी गरेकोमा सो आर्थिक वर्षमा संशोधित नोक्सानी रु.६०,२०,४९९।०० मात्र कायम भएकोले आयकर ऐन, २०५८ को दफा २० (१) (ख) बमोजिम बढी दावी नोक्सानी अमान्य गरेको साथै झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएर वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिएका कारण कर कानूनको परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्वमा आयकर ऐन,२०५८ को दफा १२० अनुसारको शुल्क निर्धारण गर्नु कानूनसम्मत नै देखिएको एवं दाखिला गर्नुपर्ने आय विवरण म्यादभित्र दाखिला नभएमा दफा ११७ बमोजिम शुल्क लगाउनु तथा दफा ११८ र ११९ बमोजिम व्याज समेत लगाउने गरी आन्तरिक राजस्व कार्यालय, कलंकीबाट भएको संशोधित कर निर्धारण आदेश तथा सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको हुँदा सदर हुनुपर्छ भनी प्रत्यर्थी कार्यालयका तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमाडौंका सहायक न्यायाधिवक्ता श्री संगीता थोकरबाट यस न्यायाधिकरणमा मिति २०७९/१२/२९ मा पेश भएको लिखित बहसनोट।

## <u>ठहर खण्ड</u>

१२. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता हाइड्रो सोलुसन्स प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्तात्रय श्री तुलसी भट्ट, श्री चण्डेश्वर श्रेष्ठ, श्री महेश कुमार थापा एवं विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री मन्जु बुढाथोकीले पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागले गरेको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व

विभागले गरेको निर्णय समेत कानुनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फका विद्वानहरुबाट प्रस्तुत बहसनोट तथा बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय कलंकीबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, पहिलो पुनरावेदन जिकिर हुँदै नभएको विक्री र दोहोरो विक्री कायम गरि रु.१,९६,२९,७५४।- लाई आयकर ऐन, २०५८ को दफा ७(२)(क) बमोजिम आयमा समावेश गर्नुपर्ने भन्ने निर्णय त्रुटीपुर्ण रहेको भन्ने देखिन आयो। आयकर ऐन, २०५८ को दफा ७(२) मा "कुनै व्यक्तिको कुनै आय बर्षमा व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो बर्षभित्र प्राप्त गरेको देहायको रकमहरु समावेश गरी गणना गर्नु पर्नेछ" भनि खण्ड (क) मा "सेवा शुल्क" भन्ने उल्लेख भएको देखिन्छ। करदाता हाइड्रो सोलुसन्स प्रा.लि.ले आयकर ऐन, २०५८ को दफा २२ र २४ मा भएका कर लेखाङ्कनका प्रावधानहरु विपरित लेखाङ्कन गरेको नमिलेको कारणले बिक्री नदेखाएको खर्चको आधारमा थप बिक्री कायम गरी मुल्य अभिबृद्धि कर निर्धारण गरेको आधारमा रु.१,९६,२९,७५४।- रकमलाई करयोग्य आय कायम गरेको देखिन्छ। करदाताले आय आर्जन प्रयोजनार्थ खर्च भएको रकम दावी गरेको हुँदा त्यस्ता गरेको खर्चहरूका आधारमा सिर्जित आय गणना गरी आयकरतर्फ समावेश नगरेको अवस्थामा त्यस्तो आयं एकिन गर्न यस्तै प्रकृतिका कारोबार गर्ने शाह कन्सल्टेन्सी, इटेको कन्सल्टेन्सी र क्लिन इनर्जी कन्सल्टेन्सी जस्ता सामान्य बजारका फर्मले प्रदान गरेको सेवा परामर्शको मूल्यलाई आधार लिई रु.१,९६,२९,७५४।- लाई ऐ. ऐनको दफा ७(२)(क) को व्यवस्था बमोजिम करदाताको आयमा समावेश गरेको न्यायोचित देखियो। जहाँ सम्म एउटै आयमा दोहोरो कर लाग्ने अवस्था सिर्जना भयो भन्ने करदाताको जिकिर छ, सो सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय/ठहर खण्डको प्रकरण नं. ३ को अन्तिम प्याराग्राफमा कार्यालयको संशोधित कर निर्धारण निर्णय पश्चात निवेदकले वीजक जारी गरी प्राप्त गरेको आयलाई दोहोरो कर दायित्व नपर्ने गरी एकिन एवं विश्लेषण गरी संशोधित कर निर्धारण हुनु पर्ने ठहर्छ भनी करदाताको सरोकार एवं जिकिरलाई संवोधन गरेको देखिंदा यो जिकिरको हकमा थप वोल्नुपर्ने देखिएन।

१६. पुनरावेदक करदाताको दोस्रो पुनरावेदन जिकिर करदाता कम्पनीले विभिन्न पार्टीलाई पेश्की र उघारो रकम दिएकोमा सो रकमलाई सापटी रकम कायम गरी सोको व्याज रु.१,२०,५०,८२६।- हुने भनी सो रकमलाई आयमा कायम गरेको निर्णय त्रुटीपूर्ण भन्ने देखिन्छ। आयकर ऐन, २०५८ को दफा ७(२) मा "कुनै व्यक्तिको कुनै आय बर्षमा व्यवसाय संचालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो बर्षभित्र प्राप्त गरेको देहायको रकमहरु समावेश गरी गणना गर्नु पर्नेछ" भनि उल्लेख भएको देखिन्छ। करदाताको वासलातको सम्पति समुहको Advance (Inter-Company) अन्तर्गतका आसामीहरुबाट लिन बाँकी रहेको रकम आ.ब. २०६४/०६५ देखि सालबसाली रुपमा बृद्धी हुदै रु.१२,४३,६८,४७०।२३ पुगेकोमा सोको कुनै कारोवार नभई उठाउन बाँकी रहेको देखिन्छ। करदाताले आसामीहरुबाट लिन बाँकी सो रकम उठाउने तर्फ कुनै प्रयास नगरेकोबाट सो रकम आसामीहरुले उपयोग गरेकोमा विवाद रहेको देखिदैन। आसामीहरुले उपयोग गरेको उक्त रकम बराबर करदातालाई वित्तीय भार परेकोमा समेत विवाद रहेन। करदातालाई व्यवसाय संचालन गर्न रकम अपुग भई बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन बाध्य भएकोमा त्यस्तो ऋण वापत तिरेको व्याज रकम भूक्तानी गर्दै आएको देखिन्छ। त्यस्तो ब्याज खर्च कट्टी लिएको देखियो। करदाताले सापटी दिएको रकम समयमा उठाई व्यवसायमा लगाउने वा त्यस्तो रकमको व्याज असुल गर्नुपर्नेमा केही नगरी राखेको रकमको औचित्य पुष्टी हुदैन। त्यस्तो रकमलाई सापटी रकम कायम गरी करदाताले पार्टीहरूबाट लिन बाँकी रकमको औषत सामान्य प्रचलित ब्याजदर अनुसार गणना गरी आयकर ऐन, २०५८ को दफा ७ बमोजिम रु.१,२०,५०,८२६।-लाई आयमा समावेश हुने भनी आन्तरिक राजस्व कार्यालय, कलंकीबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय न्यायोचित देखियो।

१७. पुनरावेदक करदाताको तेस्रो पुनरावेदन जिकिर हेर्दा, करदाताले विगत आ.ब.मा भएको रु.७,३८,६१,४३०।- नोक्सानीलाई खर्च कट्टी गर्न पाउनु पर्ने दावी लिएको देखिन्छ। शुरु आन्तरिक राजस्व कार्यालय कलंकीले गत आ.ब. २०६८/०६९ को करयोग्य आय कायम गरेकोले नोक्सानी देखाएको रु.७,३८,६१,४३०।- लाई अमान्य गरेको देखिन्छ। करदाताले पेश गरेको कागजात अध्ययन गर्दा कम्पनीले आयकर ऐन, २०५८ को दफा २२ तथा आयकर नियमावली, २०५९ को नियम ८ बमोजिम राखेको लेखाले प्रमाणित गरेको गत आ.व.मा भएको नोक्सानीलाई लेखामानको सर्बमान्य सिद्धात बमोजिम नोक्सानी दाबी गरेकोमा शूरु कार्यालयबाट आ.ब. २०६८/०६९ को कारोवारको हकमा करयोग्य आय कायम गरी मिति २०७३/०९/१७ मा निर्णय भैसकेकोले करदाताबाट दावी गरिएको रु.७,३८,६१,४३०।- लाई नोक्सानी अमान्य गरेको देखिन्छ। आ.ब.

२०६८/०६९ को संशोधित कर निर्धारण आदेश उपर यिनै करदाताले पेश गरेको लगाउको ०७७-RB-०४६१ को आयकर मुद्दामा शुरु संशोधित कर निर्धारण आदेश सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भईसकेको हुँदा आ.ब. २०६८/०६९ को संशोधित कर निर्धारण आदेशले कायम गरेको भन्दा बढी नोक्सानी कट्टी गर्न पाउँनुपर्छ भन्ने पुनरावेदन जिकिरको कानूनी आधार देखिएन।

१८. पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकिर हेर्दा, करदाताले पुनरावेदन पत्रमा आयकर ऐन,२०५८ को दफा ११८ र दफा ११९ बमोजिमको व्याज तथा दफा १२०(ख) बमोजिमको शुल्क लगाउनु त्रुटीपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर समेत लिएको देखियो। आयकर ऐन, २०५८ को दफा ११८ मा "कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम व्याज लाग्नेछ" भन्ने र सोही ऐनको दफा ११९ को उपदफा (१) मा "कर तिर्नु पर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याज लाग्नेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ।कर कानुनको परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्वको किस्ता रकममा दफा ११८ र दफा ११९ बमोजिम क्रमशः ब्याज र शुल्क लगाउनु कानुन बमोजिम नै देखिएको र सो सम्बन्धमा निर्णय गरिरहनुपर्ने स्थिति पनि नदेखिँदा शुरु आन्तरिक राजस्व कार्यालयले संशोधित करमा व्याज र शुल्क लगाउने गरी भएको निर्णय मिलेकै देखिन आयो। जहासम्म आयकर ऐन, २०५८ को दफा १२०(ख) वमोजिम शुल्क लगाएको कानुन विपरित भन्ने जिकीर छ, सो सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्टा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा बस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय वमोजिम शुल्क लाग्नेछ" भन्ने व्यवस्था गर्दै खण्ड (ख) मा "जानाजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत" भन्ने व्यवस्था रहेको देखिन आउँछ। प्रस्तुत मुद्दामा करदाताले आ.व.२०६९/०७० को आयविवरण पेश गर्दा बिक्री भएको परामर्श सेवा वापतको आय समावेश नगरेको, आसामीहरुबाट उठाउनु पर्ने रकम वा सोको व्याज उठाई व्यवसाय सञ्चालन गर्नुपर्नेमा त्यसो नगरी बैंकबाट ऋण लिई व्याज रकम कट्टी गरी आयमा समावेश नगरी करदायित्व घटाएको र पाउने भन्दा बढी नोक्सानी जानीजानी दावी गरेको

कारण करदाताको आय विवरण भ्रमपूर्ण हुन गई आयकर ऐन, २०५८ को दफा १२० (ख) आकर्षित हुने अवस्था देखिएकोले शुरु आन्तरिक राजस्व कार्यालयले एक सय प्रतिशत शुल्क निर्धारण गरेको निर्णय समेत कानुन सम्मत नै देखियो।

१९. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता हाइड्रो सोलुसन्स प्रा.लि. (स्थायी लेखा नं.३०२६६७०९९) को आ.व. ०६९/०७० को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय, कलंकीबाट मिति २०७३/०९/१७ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०६।२९ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय कलंकी पठाई रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना

(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल

(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०८० साल बैशाख ३१ गते रोज १ शुभम...........................

फैसला प्रमाणिकरण गर्नेः-

फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप